नेत्रावती डबजोड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सैमजोड, धादिङ
बागमती प्रदेश, नेपाल

आज मिति २०८१/१०/१३ गतेका दिन बेलुकी ५:३० बजे यस नेत्रावती डबजोङ गाउँपालिकाका अध्यक्ष श्री मेघनाथ रिजाल ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाका तपसिल बमोजिम सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्नानुसारको प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| | |
|---|---|
| अध्यक्ष | मेघनाथ रिजाल |
| उपाध्यक्ष | सितामाया गुरुङ |
| सदस्य | ठाकुर गुरुङ |
| सदस्य | मिन बहादुर तामाङ |
| सदस्य | सुरेश गुरुङ |
| सदस्य | हरि अधिकारी |
| सदस्य | सितामाया घले |
| सदस्य | भावना तामाङ |
| सदस्य | कमला तामाङ गुरुङ |
| सदस्य | शेर बहादुर घले |
| सदस्य | ज्योती सुनार |
| सदस्य | सन्तमाया गुरुङ |
| सदस्य सचिव | हरेराम साह |

<u>अन्य उपस्थितिः</u>

| | |
|---|---|
| कम्प्युटर अपरेटर | सुधिर कुमार साह |

नेत्रावती डबजोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सैमजोङ, धादिङ
बागमती प्रदेश, नेपाल

**निर्णय नं. १: प्रस्ताव नं. १** माथि छलफल गर्दा आ. व. २०८१।८२ मा यस नेत्रावती डबजोङ गाउँपालिकामा कार्यरत न्यायिक सहजकर्ताको आन्तरिक मामिला तथा कानुन मन्त्रालय सशर्तबाट ६० प्रतिशत र नेत्रावती डबजोङ गाउँपालिकाबाट ४० प्रतिशत तलब भत्ता व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १: प्रस्ताव नं. १** माथि छलफल गर्दा यस नेत्रावती डबजोङ गाउँपालिका वडा नं १ बस्ने लक्ष्मण सुनारको छोरा सुनिल सुनार M.B.B.S 3rd Semester मा अध्ययनरत विपन्न विद्यार्थी भएकाले निजलाई M.B.B.S छात्रवृत्ति शीर्षकबाट रु १ लाख दिने निर्णय गरियो ।

**निर्णय नं. ३: प्रस्ताव नं. ३** माथि छलफल गर्दा जिल्ला समन्वय समिति (जिल्ला सभा) बाट यस गाउँपालिकाको लागि विनियोजन भएको रकमबाट ईजलास भवन निर्माण गर्ने साथै उक्त शीर्षकमा साझेदारी वापत २० प्रतिशत रकम व्यहोर्ने प्रतिवद्धता सहित निर्णय गरियो ।

**निर्णय नं. ४: प्रस्ताव नं. ४** माथि छलफल गर्दा जिल्ला समन्वय समितिबाट विषयगत भवन शीर्षकमा रहेको थप निकासा रकम माग गर्ने निर्णय गरियो । साथै उक्त रकमबाट सभाहल भवन निर्माण गर्ने निर्णय गरियो ।